# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# विराटनगर ।

☎ : ४६१९६५ (Ext.111)
इमेलः puoemgt@puexam.edu.np


मिति : २०७६/०६/२०

**श्री डाइरेक्टर,क्याम्पस प्रमुख, प्राचार्यज्यू,**
**MPA/MHHM शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल /क्याम्पस / कलेजहरु ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकोत्तर तह २ वर्षे **MPA** शैक्षिक कार्यक्रमको **दोश्रो** सेमेष्टर **(Fall Session)** आंशिक, तेश्रो सेमेष्टर **(Spring Session)** नियमित तथा आंशिक, **चौथो सेमेष्टर (Spring Session)** आंशिक र **MHHM प्रथम** सेमेष्टर आंशिक परीक्षार्थीहरुको (सन २०२२ मा सञ्चालन गरिने परीक्षाका लागि) **मिति २०७६/१०/०२ गते** सम्म परीक्षा आवेदन फाराम भराई **मिति २०७६/१०/०५ गते** भित्र **परीक्षा आवेदन फ्राराम र नियमानुसारको परीक्षा शुल्क, सम्बन्धन शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर कलेज/क्याम्पसका **प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा उपलब्ध** गराउन जानकारी गराइन्छ । सम्वन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलव्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई अभिलेख तयार गरि Subject-wise Data बनाइ पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धी कागजातहरू नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता परीक्षार्थीहरूको फाराम स्वीकृत हुने छैन ।**

(३) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका डाइरेक्टर/क्याम्पस प्रमुख / प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(४) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(५) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(६) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(७) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| परीक्षा शुल्क : | |
| परीक्षा शुल्क (२०२० समुह देखिका **नियमिततथा आंशिक** परीक्षार्थीलाइ) | रू. २१००।- |
| अन्य वर्ष तथा समुह : | |
| १) एक विषयसम्म | रू. ६००।– |
| २) दुई विषय भएमा | रू. ११००।– |
| ३) दुई भन्दा बढी विषय भएमा | रू. १६००। |
| **बिलम्ब शुल्क:** | |
| १, तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १०००।– |
| २, परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २०००।– |
| ३, परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३०००।– |
| **सम्बन्धन शुल्क MPA (नियमित तेश्रो सेमेष्टर):** | |
| MPA शैक्षिक कार्यक्रम प्रति विद्यार्थी प्रति वर्ष | रु ८०००।– |

सह परीक्षा नियन्त्रक